तपाईं आफैं कल्पना गर्नुहोस् कि एउटा रेलगाडी मृत्युको शिविरतर्फ बढ्दैछ । तपाईं लगायत सबै यात्रुहरू दण्ड पाएकाहरू हुन् र सबैलाई मृत्युदण्ड दिन लगिंइदैछ ।

जब त्यो रेलगाडि निर्धारित स्थानको नजिकै पुग्दछ लीकको अगाडि एउटा जवान मानिस देखिन्छन् । उनी त्यो रेलगाडि रोक्न निर्देशन गर्दै रातो झण्डा हल्लाइरहेका छन् । परिचालकले मुश्किलले मात्र रेलगाडि रोक्ने घण्टी बजाउन भ्याउँदछन् । रेलभित्र भएका प्रत्येकको सट्टामा म मर्न चाहन्छु ! "म यहाँ मृत्युदण्ड रोक्नको लागि छु" भन्ने त्यो जवान मानिसको असाधारण अनुरोध बुझ्न र सिक्नको निम्ति सबै कर्मचारीहरू त्यो जवानतिर दौडिन्छन् । अचम्भित अधिकृतहरूले तुरुन्तै यो अनौठो जम्काभेटको कुरा न्यायाधीशकहाँ पुऱ्याए जसले आदेशहरू लागू गर्दथे ।

त्यो जवानलाई लामो केरकारपछि ती अभागी यात्रुहरूको सट्टामा मर्न दिन न्यायाधीश राजी हुन्छन् किनभने ती जवानको कुनै आपराधिक अभिले नभएको कुरा स्पष्ट छ । सबै विवरण अनुसार उनी पूर्णतया निर्दोष भेटिए पनि उनी स्वेच्छापूर्वक स्वतन्त्ररुपमा तिनीहरूको दण्ड आफूमाथि लिन तयार छन् ।

## *दोषी मानिसहरूको निम्ति उहाँको असीमित प्रेम*

जब तपाईं र अरु सबैले हेर्नुहुन्छ, उनी मृत्युदण्डको निम्ति लगिन्छन् । उनी मृत्युकै नजिक आएका ती मानिसहरूका निम्ति सताइए र दुर्व्यवहार गरिए । म चाहन्छु कि तपाईं एक क्षण आउनुहोस् र यस्तो इशाराको बारेमा साँच्चै विचार गर्नुहोस् । कस्तो बुझ्नै नसकिने कि आफू निर्दोष भए तापनि आफूलाई अरुको निम्ति अर्पण गर्नुपर्ने ।

जब यो निर्दोष जवान मृत्युको शिविरमा रुखमा झुण्डिन्छ, कष्टमा चर्को गरी सहयोगको लागि कराउँछ, तर कहिल्यै सहायता आउँदैन, अन्त्यमा उनी उनको अन्तिम सास फेर्छन् । किन ? ताकि त्यो रेलगाडिभित्रकाहरू जोगिउन् र बाँच्न सकून् । त्यो मानिसको बलिदानपूर्ण मृत्युद्वाराको स्वतन्त्रता पाउन रेलभित्र भएका मानिसहरूले के गर्नुपर्छ भन्ने बारेमा न्यायाधीशले नियम लागू गरे ।

Death Train Book Page.indd 1 3/18/2009 5:37:14 PM

## *वास्तविकता*

यो केवल एउटा कथा मात्र होइन, यथार्थ हो। बाइबलले स्पष्ट भन्दछ :

किनकी सबैले पाप गरेका छन् र परमेश्वरको (स्तर) महिमाबाट चुकेका छन् (रोमी ३:२३)

पापको ज्याला मृत्यु हो (रोमी ६:२३क)

प्रत्येक मानिस पापको दोषी छन् र परमेश्वरबाट सदाको निम्ति अलग गरिने नरकको निम्ति भागिदार छन् भन्ने यी भनाइहरू स्वर्गको सर्वोच्च अदालतबाट लागू गरिएका हुन्। प्रत्येक मानिस परमेश्वरको न्यायमा छन् - अनन्त अन्धकारतर्फको मृत्युको रेलमा।

## *मानिसका प्रयासहरू*

परमेश्वरको सामू मानिसका प्रयासहरूद्वारा आफूलाई धर्मी ठहराउने विषयमा बाइबलले खण्डन गर्दछ। कसैले भन्न सक्ला "ठीकै छ म असल बन्ने प्रयास गर्दैछु।" बाइबलले भन्दछ :

कसैले असल गर्दैन असल गर्ने एक जना पनि छैन (रोमी ३:१२ख)

त्यो कुराले यो मानिसलाई कहाँ छोड्छ ? अझै अर्कोले तर्क गर्ला, "म परमेश्वरको आज्ञाहरू पालन गर्दै आइरहेको छु।" फेरि बाइबलसँग उत्तर छ :

किनकी जसले सम्पूर्ण व्यवस्था पालन गर्छ तर एउटै कुरामा चुक्छ भने व्यवस्थाका सबै कुरामा त्यो दोषी ठहरिएको हुन्छ (याकूब २:१०)



Death Train Book Page.indd 2 3/18/2009 5:37:14 PM

सवाल चाहिं यो हो कि : कसैले स्वर्गमा परमेश्वरको स्वीकृति प्राप्त गर्न परमेश्वरको कतिवटा आज्ञाहरू चाहिं पालन गर्नैपर्छ ? सबै पालन गर्नैपर्छ। एउटा आज्ञा एकपटक भङ्ग गर्नुको अर्थ सबै आज्ञा पालनमा अयोग्य हुनु हो (याकूब २:१०)। को चाहिँ सबैमा सिद्ध हुन्छ सक्छ ? को चाहिँ परमेश्वरको आज्ञा भङ्ग नगरी दिनभरि वा हप्ताभरि वा वर्षभरि नै रहन सक्छ ? सत्यता चाहिँ त्यो हो :

> धर्मी कोही छैन, एकजना पनि छैन (रोमी ३:१०ख)

कसैले अझ बढी तर्क गर्न सक्छ कि ऊ अथवा उनी धार्मिक जीवन जीउन प्रयास गरिरहेका छन्। फेरि पनि बाइबलले भन्दछ :

> हामी सबै असुद्ध मानिस झैं भएका छौं, र हाम्रा सबै धार्मिक काम फोहर झुत्राझैं छन् (यसैया ६४:५६क)

प्रष्टै छ कि यो कसैको लागि असल खबर होइन। परमेश्वरको स्वीकृति कमाउने मानिसका सबै प्रयासहरू व्यर्थ भएका छन्। हामीसँग के छोडिएको छ त ?

***केही पनि छैन !***

परमेश्वरको यो भनाइको अर्थ कोही पनि मानव जाति स्वर्ग जान सक्दैन भन्ने हो त ? अहँ पटक्कै होइन। यसको अर्थ यसो मात्र हो कि हरेक मानवीय प्रयास व्यर्थ छन्। परमेश्वरको अनुग्रह मात्र आशा र समाधान हो।

## *मानवजाति उसको सहायताहीन अवस्थामा*

परमप्रभु परमेश्वर सृष्टिकर्ताको रुपमा पवित्र हुनुहुन्छ। उहाँ पूर्णतया धर्मी र सिद्ध न्यायको परमेश्वर हुनुहुन्छ। उहाँको पवित्रतामा, उहाँ पाप वा



Death Train Book Page.indd 3 3/18/2009 5:37:14 PM

पापीहरूसँग संगत गर्न सक्नुहुन्न (१ यूहन्ना १:५) एउटा धर्मी परमेश्वरको रुपमा उहाँ पापलाई विना दण्ड उम्कन दिन सक्नुहुन्न र दिनु हुने छैन। अपूर्ण मानिसले पूर्ण परमेश्वरसँग सम्बन्ध राख्न कुनै उपाय छैन। मानिसको प्रयासबाट बिल्कुलै यो असम्भव छ।

> "मानिसहरूको लागि यो असम्भव छ, तर परमेश्वरको लागि सबै कुरा सम्भव छ" (मत्ती १९:२६ख)

अतः मानिस जाति उसका सबै संघर्षहरूमा परमेश्वरसम्म उहाँको पवित्रताको स्तरमा पुग्न सक्दैन र सक्ने छैन। कसैले सोच्ला कि ऊ असल छ तर परमेश्वर भन्नुहुन्छ, "कसैले असल गर्दैन (रोमी ३:१२ख)। अर्को व्यक्तिले सोच्ला ऊ असल प्रकारले जीवन जिइराखेको छ। परमेश्वर जवाफ दिनुहुन्छ, "धर्मी कोही छैन" (रोमी ३:१०)। अर्को व्यक्तिले सोच्ला परमेश्वरको व्यवस्था पालन गरेर ऊ धर्मी ठहरिन सक्छ। परमेश्वर उत्तर दिनुहुन्छ :

> व्यवस्थाका कामद्वारा मानिस धर्मी ठहरिंदैन (गलाती २:१६क)।

साँच्चै नै परमेश्वरको अलौकिक न्यायबाट उम्कन मानिसले विना विकल्प भाग्ने प्रयास गरेका छन् (रोमी ३:२३)। उहाँको न्यायबाट उम्कने कुनै उपाय नै छैन। सबैजना न्यायमा परेका दोषी र अनन्त नरकको दण्डमा खडा छन्, कसैले चाहे जति नै आफै कडा प्रयास गरोस्, कुनै अर्थ छैन, यो नियतिबाट भाग्न असम्भव छ। के यसको अर्थ यो हो कि हामी निराशाजनक रुपमा परमेश्वरको न्यायबाट उम्कन अयोग्य छौं ? बिल्कुलै होइन। यसबाट उम्कनको लागि परमेश्वरसँग एउटै मात्र योजना छ। यो अनुग्रहको योजना हो। यो अनुग्रहको योजनालाई पछ्याऔं र स्वतन्त्र होऔं, वा यसलाई इन्कार गरेर परमेश्वरको अनन्त क्रोधको सामना गरौं (यूहन्ना ३:३६)।



Death Train Book Page.indd 4 3/18/2009 5:37:14 PM

## *सु-सन्देश*

जब मानिसले उसको आफ्नै प्रयासहरूद्वारा परमेश्वरको न्यायबाट उम्कने प्रयास गरिरहेको थियो, उसलाई बचाउन भनी कोही आयो। यो व्यक्ति येशू ख्रीष्ट हुनुहुन्छ, परमेश्वरको एक मात्र पुत्र। उहाँ आफैलाई निष्कलंक पुत्रको रुपमा अर्पण गर्नुभयो, जो मानिसको मृत्युदण्ड आफैमा लिन योग्यको हुनुहुन्छ। बप्तिष्मा दिने यूहन्नाले येशू ख्रीष्टको विषयमा यसो भन्दछन् :

> हेर, संसारको पाप उठाइ लैजाने परमेश्वरको थुमा !
> (युहन्ना १:२९ख)।

उहाँले हाम्रो पापहरूको दण्ड लिनुभो। प्रेरित पत्रुसले थप्दै भन्दछन् :

> उहाँ (येशू ख्रीष्ट)ले क्रुसमा आफ्नै शरीरमा हाम्रा पाप बोक्नुभो
> (१ पत्रुस २:२४)।

प्रेरित पावलले घोषणा गर्दछन् :

> तर परमेश्वरले हाम्रा निम्ति उहाँको प्रेम यसैमा देखाउनुहुन्छ, कि हामी पापी छँदै ख्रीष्ट हाम्रा निम्ति (हाम्रा साटोमा) मर्नुभो (रोमी ५:८)।
>
> एकै पल्ट सदाको निम्ति पापको दण्ड पूर्ण रुपमा तिरिसकिएको छ (हिब्रु ९:१२)।

## *यो सुसन्देश कति असल हुनसक्छ ?*

मृत्युदण्डको मूल्य पूरै चुकाइसकिएको छ। पवित्र परमेश्वर र अधर्मी मानिसबीचको बाधा हटाइसकिएको छ। पापले परमेश्वर र मानिसको बीच फाटो ल्यायो (यसैया ५९:२)। ख्रीष्ट येशूले हाम्रो सट्टामा क्रूसमा भोग्नुभएको मृत्युद्वारा यो छेकबारलाई हटाउनुभयो। मानिसले व्यवस्था पालन गर्न उसको



Death Train Book Page.indd 5 3/18/2009 5:37:15 PM

अयोग्यताको कारण मानिसमाथि आएको श्रापलाई यो सट्टाको मृत्युद्वारा हटाइयो। ख्रीष्टले हाम्रा निम्ति पाप बनेर हामीलाई व्यवस्थाको श्रापबाट छुटाउनुभयो, किनकि यस्तो लेखिएको छ :

> काठमा झुण्डिने हरेक श्रापित हुन्छ (गलाती ३:१३)

येशू ख्रीष्ट एक्लैले अरु कसैको योगदान विना नै परमेश्वरसँग शान्ति स्थापना गर्नुभयो (१ तिमोथी २:५)। परमेश्वरको आज्ञाहरू पालन गर्न मानिस असफल हुनु र मानिसका अपर्याप्त प्रयासहरू, जो अजङ्ग र पार गर्नै नसकिने पर्खालको समस्याको समाधान क्रुसमा येशू ख्रीष्टद्वारा भएको छ।

> हाम्रो विरुद्धमा रहेको तमसुक र त्यसका सबै कानुनी दाबीहरूलाई क्रुसमा किला ठोकी रद्द गरिदिनुभयो (कलस्सी २:१४)।

> किनकी उहाँ नै हाम्रो शान्ति हुनुहुन्छ। उहाँले हामी दुवैलाई एउटै बनाउनु भएको छ, र विभाजन ल्याउने शत्रुताको पर्खाल भत्काई दिनुभएको छ। र, उहाँले व्यवस्थालाई त्यसका आज्ञाहरू र धार्मिक विधानहरू समेत आफ्नै शरीरमा खारेज गर्नुभएको छ (एफिसी २:१४, १५क)

> हामी पापी छँदै (परमेश्वरको शत्रु) ख्रीष्ट हाम्रा निम्ति (सट्टामा) मर्नुभयो (रोमी ५:८)

## *स्मरणीय बहिर्गमन (निस्कनु)*

मृत्युको शिविरतर्फ गइरहेको रेलगाडिलाई फेरि सोचौं। त्यो निर्दोष मानिसले उसको जीवन बलिदान गरेपछि न्यायाधीशद्वारा त्यस्तो अवस्था जारी गरिएको थियो कि जोहरू त्यो रेलगाडि छोड्न चाहन्छन्, तिनीहरू तोकिएको ढोकाबाट बाहिर निस्कनु पर्थ्यो। यो बहिर्गमन (निस्कनु)ले त्यो निर्दोष



Death Train Book Page.indd 6 3/18/2009 5:37:15 PM

मानिसको मृत्युलाई आदर गर्दछ जो तिनीहरू मर्नुपर्ने ठाउँमा मर्‍यो। कस्तो स्मरणयोग्य प्रस्थान हो यो ! सोच्नुहोस् त ! ती दोष पाएका मानिसहरू जसले न्यायाधीशको आदेशलाई माने र छुटकारा पाउन बाहिर निस्के तिनीहरूको मनमा कस्तो भइरहेको होला।

यसरी नै परमेश्वरले स्वर्गमा उहाँको अदालतबाट आदेश जारी गर्नुभएको छ। उहाँको सिद्ध न्यायको लागि त्यही तरिका मात्र स्वीकार्य छ कि एउटै ढोकाबाट प्रवेश गर्नुपर्छ। यो प्रवेशद्वारबारे कुनै सम्झौता हुन सक्दैन। परमेश्वरको आदेशहरू एकदमै निश्चित हुन्छन्। यात्रुहरू एउटै ढोकाबाट बाहिर निस्किनुपर्थ्यो, कोही पनि जो स्वर्गमा प्रवेश गर्न चाहन्छ, ऊ परमेश्वरले निर्दिष्ट गर्नुभएको प्रवेशद्वारबाट प्रवेश गर्नुपर्छ।

## *स्वर्गको प्रवेशद्वार*

परमेश्वरको आदेशबारे येशू ख्रीष्ट आफैं बोल्नुहुन्छ :

> बाटो सत्य र जीवन म नै हुँ, मद्वारा बाहेक कोही पनि पिताकहाँ (स्वर्गमा) पुग्न सक्दैन (यूहन्ना १४:६)

लुकाले यसरी थप्छन् :

> अरु कसैमा मुक्ति छैन, किनकि हामीले मुक्ति पाउनलाई स्वर्गमुनि मानिसहरूमा अर्को कुनै नाउँ दिइएको छैन (प्रेरित ४:१२)

यस्तो जोड दियाइको अर्थ हुन्छ कि येशू ख्रीष्ट बाहेक कुनै पनि मानव जाति बचाइन वा कहिल्यै स्वर्ग जान सक्दैन। येशू ख्रीष्ट आफैले त्यो दावीलाई निश्चित गर्नुहुन्छ। कुनै छोटो मार्ग नै छैन। परमेश्वरले भन्नुभएको अर्थ चाहिं ढोकालाई खोज र प्रवेश गर, वा स्वर्गको ढोका सदाको लागि बन्द गर।



Death Train Book Page.indd 7 3/18/2009 5:37:15 PM

## *कसरी बचाइने*

स्वर्ग जान एउटै मात्र बाटो छ र त्यो चाहिं येशू ख्रीष्ट हुनुहुन्छ। येशू ख्रीष्टले भन्नुहुन्छ :

> ढोका म नै हुँ, यदि कोही मानिस मबाट भित्र पस्यो भने त्यो बचाइने छ (यूहन्ना १०:९क)।

कोही ढोका नै देख्न सक्दैन भने ऊ कसरी प्रवेश गर्न सक्छ ? किनकि येशू ख्रीष्ट नै ढोका हुनुहुन्छ, एउटै मात्र बाटो छ, केवल येशू ख्रीष्टलाई विश्वास गरेर प्रवेश गर्न सकिन्छ। एउटै मात्र ढोका, एउटै प्रवेशद्वार, एउटै मात्र विश्वास ख्रीष्ट येशूमा। कति विश्वास ? ज्यादै सानो 'रायोको दाना जत्रो' (मत्ती १७:२०)।

**विश्वासको उदाहरण :** पुरानो नियममा इस्रायलीहरूले परमेश्वरको आज्ञा उल्लंघन गरे। परमेश्वरले उहाँको न्यायमा मानिसहरूको माझ अग्निमय सर्पहरू पठाउनुभयो (गन्ती २१:६)। ती सर्पहरूले मानिसहरूलाई डसेर धेरैलाई मारे। कष्टमा इस्राएलीहरूले तिनीहरूको पाप परमेश्वरमा स्वीकारे। यी अनाज्ञाकारी इस्रायलीहरूलाई पूरै नष्ट गर्न परमेश्वरले सर्पहरूलाई अनुमति दिन सक्नुहुने थियो, तर उहाँले त्यसो गर्नुभएन। यसको सट्टामा परमेश्वरले के गर्नुभयो ? उहाँको अतुलनीय अनुग्रहमा, उहाँले मोशालाई भन्नुभयो :

> "तैंले विषालु सर्पको एउटा प्रतिमा बनाएर त्यसलाई एउटा खामामा झुण्ड्या। सर्पले डसेकाहरूले त्यसलाई हेरेपछि तिनीहरू बाँच्नेछन् (गन्ती २१:८)।"

त्यसकारण परमेश्वरको आज्ञा बमोजिम मोशाले गरे। तपाईंले देख्नुहुन्छ मोशाले परमेश्वरको आज्ञालाई जस्ताको तस्तै पालना गर्छन्। तब मोशा मार्फत् इस्रायलीहरू परमेश्वरको निर्देशन हुबहू पालनमा फर्कन्छन्। तिनीहरूले रोज्नुपर्ने थियो, कि त परमेश्वरले भन्नुभएको आज्ञा वा त



Death Train Book Page.indd 8 3/18/2009 5:37:15 PM

सर्पको डसाइबाट मृत्यु ।

साँच्चै नै डसिएकाहरूले परमेश्वरको निर्देशनको सरलताको विषयमा परमेश्वरको अनुग्रह वा उहाँको बुद्धि वा गुनासोमा कुनै सवाल गरेनन्, तर मोशाले बनाएका सर्पलाई केवल हेरे मात्र र तिनीहरू बाँचे (गन्ती २१:९)। सबै इस्रालीहरू वृद्ध र जवान सबैका लागि केवल सर्पलाई हेर्नु र बाँच्नु परमेश्वरको कति सजिलो, अचम्मको, भयानक र कति साधारण अनुग्रह ।

उहाँको अनुग्रही निर्देशनमा कुनै प्रकारको काम थपिएको थिएन । परमेश्वरद्वारा कुनै प्रतिज्ञा, कुनै समर्पण, सभाको कुनै अर्पण वा पुनअर्पण, कुनै बप्तिष्मा र कुनै दशांस माग्नु भएन । प्रेमिलो परमेश्वरको न्याय कक्षबाट कति अनुग्रही समाधान। त्यही परमेश्वर जसले केही हजार वर्षपहिले मोशालाई निर्देशन दिनुभो, उहाँले नै मानिसको साहाराहीन अवस्थाको निम्ति सरल समाधान जारी गर्नुभएको छ ।

## *परमेश्वरको पुत्र उचालिनुभयो*

> जसरी मोशाले उजाड-स्थानमा सर्पलाई उचाले, त्यसरी नै मानिसको पुत्र उचालिनुपर्छ, र जस-जसले उहाँमाथि विश्वास गर्छ, त्यसले अनन्त जीवन पाउँछ (यूहन्ना ३:१४, १५)।

येशू ख्रीष्ट क्रुसमा उचालिनुभयो, जब उहाँलाई क्रुसमा चढाइयो। मोशाले उचालेका सर्पलाई जसरी इस्रायलीहरूले हेरे, ठीक त्यसरी नै विश्वासद्वारा तपाईं केवल येशूलाई मात्र क्रुसमा हेर्न सक्नुहुन्छ र परमेश्वरद्वारा तपाईं निश्चित हुन सक्नुहुन्छ कि, तपाईंसँग अनन्त जीवन छ ।

उजाड-स्थानमा तिनीहरूले सर्पलाई हेर्नुपर्ने थियो । हेर्नै पर्ने योग्य कुरा के थियो त ? त्यहाँ त्यस्तो केही पनि थिएन । क्रुसमा केवल विश्वासले मात्र हेर्नु हो, फेरि, विश्वासमा केही योग्य कुरा छ त ? अहँ छैन । योग्यता केवल येशू ख्रीष्टमा मात्र छ । उजाड स्थानमा परमेश्वरको छुटकाराको प्रस्ताव कस्तो सजिलो थियो, तब अहिले परमेश्वरको मुक्तिको प्रस्ताव कति सजिलो छ। शैतान र उसका सहयोगीहरूले परमेश्वरको उद्धारको अनुग्रहलाई जब गाह्रो बनाउन खोज्छन्,


Death Train Book Page.indd 9 3/18/2009 5:37:15 PM

परमेश्वरले ती कुराहरू सरल तुल्याउनु हुन्छ। उद्धार एउटा सरल कुरा हो। यो "उहाँमा विश्वास गर्नु" अति सजिलो कुरा हो यो, "विश्वास गर्नु अनि बप्तिष्मा लिनु" जस्तो गाह्रो होइन, "विश्वास गर्नु अनि चर्चमा उपस्थित हुनु" होइन, यो "विश्वास गर्नु अनि विश्वास घरि-घरि दोहोऱ्याउनु" पनि होइन, यसो पनि होइन कि "विश्वास गर्नु र पश्चाताप गर्नु र फेरि विश्वास गर्नु" अनि विश्वास गरेर येशू ख्रीष्टलाई प्रभु बनाउने काम पनि होइन। उहाँ पहिल्यै नै प्रभू हुनुहुन्छ। विश्वासमा कुनै प्रतिबद्धता थपिंदैन उद्धारको निम्ति परमेश्वरको निर्देशन पहिले नै स्पष्ट गरी कहि सकिएको छ :

> जसले (तपाईं लगायत) पुत्रमाथि विश्वास गर्छ, त्यससँग अनन्त जीवन छ। जसले पुत्रको आज्ञा (विश्वास गर्ने आज्ञा) पालन गर्दैन, त्यसले जीवन देख्नेछैन, तर परमेश्वरको क्रोध त्यसमाथि रहिरहन्छ (यूहन्ना ३:३६)।

> किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, कि उहाँले आफ्ना एक मात्र पुत्र दिनुभयो, ताकि उहाँमाथि विश्वास गर्ने कोही पनि नास नहोस्, तर त्यसले अनन्त जीवन पाओस् (यूहन्ना ३:१६)।

> तर यी लेखिएका छन्, कि तिमीहरूले येशू परमेश्वरको पुत्र, ख्रीष्ट हुनुहुन्छ भनी विश्वास गर र विश्वासद्वारा उहाँको नाउँमा तिमीहरूलाई जीवन प्राप्त होस् (यूहन्ना २०:३१)।

## *परमेश्वरको विश्वसनीयता*

के परमेश्वर ढाँट्न सक्नुहुन्छ ? बिल्कुलै सक्नुहुन्न।

परमेश्वर ढाँट्नुहुन्न, कारण उहाँ मानिस हुनुहुन्न (गन्ती २३:१९)। यदि परमेश्वर "जसले पुत्रमाथि विश्वास गर्छ त्यससित अनन्त जीवन छ



Death Train Book Page.indd 10 3/18/2009 5:37:15 PM

(यूहन्ना ३:३६)" भन्नुहुन्छ भने उहाँले भन्नुको अर्थ ठीक त्यस्तै हुन्छ। यदि उहाँले "जसले उहाँ (ख्रीष्ट)मा विश्वास गर्छ ऊसित अनन्त जीवन छ" भन्नुहुन्छ भने (र, उहाँले यो भन्नुभयो : यूहन्ना ३:१६), उहाँको अर्थ यो हो कि प्रत्येक जसले ख्रीष्टमा विश्वास गर्छ, ऊ नरक जान पर्ने छैन। यो साधारण छ। अनि अर्कोतिर, यदि परमेश्वरले भन्नुभयो, "जसले येशू ख्रीष्टमा विश्वास गर्छ र उहाँलाई प्रभु बनाउँछ र बप्तिष्मा लिन्छ र उहाँमा समर्पित हुन्छ, ऊ कहिल्यै नाश हुने छैन" तपाईं यदि अनन्त जीवनको आशा गर्नुहुन्छ भने यी सबै कुरा गर्नु बढी उत्तम हुन्छ। कस्तो छुट्कारा किनकि यी सबै कुरा उद्धारको लागि गर कहिल्यै भन्नुहुन्न ! उहाँको बचनबाट एउटा कुरा स्पष्ट हुन्छ :

> प्रभु येशू (ख्रीष्ट)मा विश्वास गर्नुस् र तपाईंले उद्धार पाउनुहुनेछ (प्रेरित १६:३१)।

यहाँ परमेश्वरको अनुग्रह काममा नै देखिएको छ।

## *तपाईंको सबैभन्दा ठूलो निर्णय*

यत्तिनैखेर, तपाईं सबैभन्दा ठूलो निर्णय गर्न सक्नुहुन्छ, जसले सदाको निम्ति तपाईंको जीवनको लक्ष्य बदल्ने छ। कसरी ? उहाँको पुत्र जो तपाईंको सट्टामा क्रुसमा उचालिनुभयो र मर्नुभयो भनी तपाईंले विश्वास गरेर जुन क्षण तपाईंले एक मात्र ख्रीष्टमा व्यक्तिगत रुपमा विश्वास गर्नुहुन्छ, तपाईंले परमेश्वरको वचन पालन गर्नुभएको छ। ठीक त्यही क्षण उद्धारको चमत्कार शुरु हुन्छ।

तपाईंको जीवनमा कस्तो महान् क्षण ! परमेश्वरको अनुग्रहद्वारा जीवनले आश्चर्यपूर्ण रुपमा सदाको निम्ति छुटकारा पायो।

> किनकि अनुग्रहबाट विश्वासद्वारा तिमीहरूले उद्धार पाएका छौ - (एफिसी २:८क)।



Death Train Book Page.indd 11 3/18/2009 5:37:15 PM

यो आश्चर्य कर्म के हो त ? परमेश्वर तपाईंको कमजोर विश्वास र सडेको धार्मिकतासँग उहाँको आफ्नै सिद्ध धार्मिकता साटासाट गर्नुहुन्छ (रोमी ३:२२)। जुन धर्मी ठहराईमा आधारित छ। अरु कुराहरू मध्ये पनि, उहाँले तपाईंलाई अनन्त जीवन दिनुहुन्छ (यूहन्ना ३:३६)। त्यस क्षणदेखि तुरुन्तै तपाई परमेश्वरको आफ्नै धार्मिकताको भागिदार बन्नुहुन्छ। तपाईंले परमेश्वरकै जीवन तपाईंमा पाउनुहुन्छ। परमेश्वरबाट पहिलो पटकको अनुग्रही वरदानले तपाईंमा स्वर्गमा सदासर्वदा परमेश्वरसँग जीउने योग्यता दिलाउँदछ।

यी कुनै कुरा पाउनलाई तपाईंले के गर्नु भो ? केही पनि गर्नुभएन। त्यसकारण, तपाई यो निष्कर्षमा पुग्न सक्नुहुन्छ कि परमेश्वरको अनुग्रहबाट बाहेक, अरु कुनै कुराद्वारा तपाईंले उद्धार कमाउनु भएन, काम पनि गर्नुभएन र योग्यको हुनुभएको पनि होइन। यसले यसरी उत्साहित बनाउँदछ : परमेश्वरले जे गर्नुभो त्यसलाई तपाई सुधार्न सक्नुहुन्न। परमेश्वरको कार्य अन्तिम र अपरिवर्तनीय छ (रोमी ११:२९)।

यो नै सु-सन्देश हो। त्यो अवसर आइपुगेको छ। निर्णय गर्ने जिम्मा तपाईंको हो। उद्धार केवल येशू ख्रीष्टमा विश्वास गरेर मात्र छ। यो नै उम्किनको लागि परमेश्वरको उपाय हो। कि त उहाँको अनुग्रही प्रस्तावलाई स्वीकार्नुहोस् र रुपान्तरित हुनुहोस् वा त उहाँको अनुग्रही प्रस्तावलाई इन्कार गर्नुहोस् र अनन्त नरक यातनाको परिणामको सामना गर्नुस्।
परमेश्वरको विचार यस्तो छ :

> जसले पुत्रमाथि विश्वास गर्छ, त्यससित अनन्त जीवन छ, तर जसले आज्ञा (विश्वास गर्ने आज्ञा) पालन गर्दैन त्यसले जीवन देख्ने छैन, तर परमेश्वरको क्रोध त्यसमाथि पर्नेछ (यूहन्ना ३:३६)

रोजाई तपाईंकै हो,त्यसकारण हामी तपाईंको लागि यो प्रार्थना गर्दछौं :

*स्वर्गीय पिता, तपाईंको अनुग्रहको वरदान, तपाईंको पुत्र जो क्रूसमा बलि*



Death Train Book Page.indd 12 3/18/2009 5:37:15 PM

*हुनुभयो, उहाँको लागि तपाईंलाई हामी धन्यवाद चढाउँदछौं। मुक्तिलाई हरेकले पाउन सक्ने र सरल बनाउनुभएको लागि हामी तपाईंलाई धन्यवाद दिन्छौं। हामी ती व्यक्तिहरूको लागि प्रार्थना गर्दछौं जसले यो सुसमाचार सन्देश पढे र अझै पनि उनीहरूको जीवनको महान निर्णय गरेका छैनन्। हामी यो प्रार्थना गर्दछौं कि वास्तविक रुपमा उद्धारको प्रस्तावलाई स्वीकार गर्न र इन्कार गर्नुको अर्थ उनीहरूले राम्ररी बुझ्न सकून्। पिता ! कृपया ख्रीष्टलाई व्यक्तिगत रुपमा विश्वास नगरेकाहरूलाई यो सन्देशलाई मनन् गर्न चुनौती दिनुहोस्। ख्रीष्टको नाममा, आमेन !*

## *विश्वास गरेकाहरूका निम्ति*

परमेश्वरको चाहना यो छ कि, तपाईं अनुग्रहमा बढ्नुहोस् (२ पत्रुस ३:१८)। उहाँ यो इच्छा गर्नुहुन्छ कि तपाईं सही शिक्षाको निम्ति निरन्तर भोको हुनुहोस् (१ पत्रुस २:२) यदि तपाईं यो पुस्तिका र अन्य आधारभूत पुस्तकहरू प्राप्त गर्न चाहनुहुन्छ भने, तिनीहरूले तपाईंलाई तपाईंको आत्मिक जीवनमा सहायता गर्नेछ, यस पुस्तिकाको आवरण पृष्ठमा जानकारी हेरेर सम्पर्क गर्नुहोस्।

***प्रार्थना अनुरोध*** (विश्वास गरिसकेकाहरूको लागि मात्र)

"सतर्क भएर धन्यवाद सहित स्थिर भई प्रार्थनामा लागिरहो" (कलस्सी ४:२)

धार्मिक मानिस (ख्रीष्टमा विश्वास गरेकाहरू) को प्रार्थना शक्तिशाली र प्रभावशाली हुन्छ (याकूब ५:१६)।

हाम्रो (मोसेस् लगायत ग्रेस इभान्जेलिस्टिक मिनिष्ट्रज) निम्ति प्रार्थना गर्नुहोस्। ताकि ख्रीष्टको त्यो रहस्य प्रचार गर्नलाई परमेश्वरले हामीलाई वचनको निम्ति ढोका खोलिदिऊन्... (कलस्सी ४:३)।



Death Train Book Page.indd 13 3/18/2009 5:37:15 PM

## *सत्य किन् र त्यो बिक्री नगर्*

(हितोपदेश २३:२३क)

साँचो बाइबलिय शिक्षा चाहिँ आत्मिक बहुमूल्य गहना हो भनेर के तपाईं सचेत हुनुहुन्छ ? आधुनिक ख्रीष्टियन समाजसम्म साँचो बाइबलीय शिक्षा ल्याउनको निम्ति वास्तवमै कति कठिन थियो भनी मण्डली इतिहासले देखाएको छ ! त्यसो भए जब परमेश्वरले हामीलाई उहाँको अपार अनुग्रहले उहाँको अविनाशी वचनको सत्यताको बहुमूल्यतामा ल्याउनु हुन्छ तब हामी सम्पूर्ण रुपले आनन्दित हुनुपर्छ । बाइबल एउटा त्यस्तो बहुमूल्य सम्पत्ति राख्ने बाकस हो जसले प्रशस्तताको जीवन आनन्द मनाउने तपाईंको क्षमतालाई सुरक्षित राख्दछ, साथै यसले जीवनमा, मित्रतामा, विवाहमा, व्यापारमा अत्यधिक खुशी दिन्दछ र आशा नगरिएका आशिषहरू आज अनि भोलिको निम्ति राखिएको छ । त्यसकारण "सत्य किन्" (वचनमा दृढ रहो) "किनभने बुद्धि मानिकभन्दा बहुमूल्य हुन्छ र तैंले इच्छा गरेको कुनै पनि थोक त्यससँग तुलना गर्न सकिंदैन" (हितोपदेश ८:११)

सत्यता : किनकि तिमीहरू व्यवस्थाको अधिनमा छैनौं तर अनुग्रहको अधिनमा छौं (रोमी ६:१४ख)

## वितरकको नाम र ठेगाना :

Death Train Book Page.indd 14 3/18/2009 5:37:16 PM

# मृत्युको रेल चढ्दा

*मोसेस् सी. ओन्वूविको*

ग्रेस इभान्जेलिस्टीक मिनिस्ट्रीज
नासभिल्ले, टेन्नेसी यू.एस.ए.

Death Train Book Page.indd 15 3/18/2009 5:37:16 PM

“आफ्ना मित्रहरुका लागि आफ्नो प्राण अर्पण गरिदिनुभन्दा
ठूलो प्रेम अरु कसैको हुँदैन”

(यूहन्ना १५:१३)

Death Train Book Page.indd 16 3/18/2009 5:37:16 PM